# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२४ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा मूल सम्झौताको प्रावधान विपरीत ठेकेदार कम्पनीलाई कर छुट दिएर आर्थिक अनियमितता/भ्रष्टाचार गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र ठेकेदार कम्पनी China CAMC Engineering Co., Ltd को आपसी मिलेमतो, योजना र संलग्नतामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण र ठेकेदार कम्पनी China CAMC Engineering Co., Ltd बीच भएको खरिद सम्झौता (Commercial Contract Agreement) मा Contract Price भित्रै कर, महसुल तथा अन्य शुल्कहरू समावेश गरी त्यस्ता कर, महसुल तथा अन्य शुल्कहरू ठेकेदार कम्पनीले नै प्रचलित नेपाल कानुन बमोजिम तिर्नु/बुझाउनु पर्ने प्रावधान रहेकोमा बद्नियत राखी उक्त प्रावधान विपरीत हुनेगरी ठेकेदार कम्पनीलाई कर, महसुल तथा अन्य शुल्कहरू छुट दिने भन्ने सर्त राखी Implementation Agreement गरे गराएको देखिएको, सोही Implementation Agreement को आधारमा Contract Price भित्रै कर, महसुल तथा अन्य शुल्कहरू समावेश गरी भुक्तानी लिने तर उक्त भुक्तानी लिएको रकममा समावेश भएको कर लगायतको महसुल राज्य कोषमा दाखिला नहुनेगरी छुट प्राप्त गरी गराई **China CAMC Engineering Co., Ltd लाई दोहोरो लाभ (Double Benefit)** दिई दिन लगाई नेपाल सरकारले ऋण स्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट जम्मा **रू.३,६२,०५,२२,१६०।–(तीन अर्ब बैसट्ठी करोड पाँच लाख बाइस हजार एक सय साठी रूपैयाँ)** हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे गराएको पुष्टि हुन आएकोले उक्त Implementation Agreement गर्ने गराउने र नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने दिने देहायबमोजिमका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | अर्थ मन्त्रालयका तत्कालीन **मन्त्री ज्ञानेन्द्र बहादुर कार्की** | रू.३,६२,०५,२२,१६०।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. तीन अर्ब बैसट्ठी करोड पाँच लाख बाइस हजार एक सय साठी रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | थप सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | अर्थ मन्त्रालयका तत्कालीन **सचिव शंकर प्रसाद अधिकारी** र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन **सचिव महेश्वर न्यौपाने,** | **रू.३,६२,०५,२२,१६०।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. तीन अर्ब बैसट्ठी करोड पाँच लाख बाइस हजार एक सय साठी रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिईएको छ। |
| ३. | अर्थ मन्त्रालयका तत्कालीन **सहसचिव केवल प्रसाद भण्डारी,** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन **सहसचिव सुरेश आचार्य र** तत्कालीन **सहसचिव डण्डुराज घिमिरे** तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन **महानिर्देशक संजीव गौतम** | **रू.३,६२,०५,२२,१६०।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू. तीन अर्ब बैसट्ठी करोड पाँच लाख बाइस हजार एक सय साठी रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिईएको छ। |
| ४. | नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत राष्ट्रिय गौरब आयोजनाका तत्कालीन आयोजना **निर्देशक प्रदीप अधिकारी र** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर **योगेश अर्याल,** अर्थ मन्त्रालयका तत्कालीन **उपसचिव युगराज पाण्डे र** तत्कालीन **शाखा अधिकृत उर्मिला भण्डारी** | **रू.३,६२,०५,२२,१६०।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रू.तीन अर्ब बैसट्ठी करोड पाँच लाख बाइस हजार एक सय साठी रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | निर्माण व्यवसायी **China CAMC Engineering** | **रू.३,६२,०५,२२,१६०।—** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य |

| | | | |
|---|---|---|---|
| | **Co.Ltd** र सोका मुख्य भई काम गर्ने **Chairman Mr. Wang Bo** एवं **Project Manager Mr. Yang Zhigang** | | प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी